# चन्द्रागिरि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं.: ०८१।०८०
च.नं. ९४९

फोन नं. ०१-४३१५७६६
मिति : २०७९।०८।२९

विषयः- शिक्षक तथा कर्मचारीको तलब भत्ता भुक्तानी सम्बन्धमा ।

श्री सबै सामुदायिक विद्यालयहरु
चन्द्रागिरि नगरपालिका, काठमाडौं ।

उपर्युक्त विषयका सम्बन्धमा नेपाल सरकारको शसर्त अनुदान र चन्द्रागिरि नगरपालिकाको आन्तरिक स्रोतबाट सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुका लागि उपलब्ध तलब भत्ता भुक्तानी प्रक्रियालाई व्यवस्थित, छिटो छरितो र पारदर्शीरुपमा कार्य सम्पन्न गर्न यस चन्द्रागिरि नगरपालिकाको मिति २०७९।८।२९ गतेको निर्णय अनुसार सबै विद्यालयहरुले निम्नानुसार गर्नुहुन निर्देशन गरिएको छ ।

**शिक्षक तथा कर्मचारीको तलब भत्ता भुक्तानी गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्तहरु:**

१. मासिक रुपमा तलब भत्ता माग गर्दा माग फारममा निम्न कुरा समावेश हुनु पर्ने:
   क) अघिल्लो महिनासम्मको तलब भत्ता, सञ्चय कोष कट्टी, नाल कोष, कर दाखिला भुक्तानी भएको भरपाइ/बील/विवरण ।
   ख) शिक्षक तथा कर्मचारीको प्र.अ.बाट प्रमाणित हाजिरी विवरण ।
   ग) शिक्षक तथा कर्मचारीको तह, श्रेणी, नियुक्ति/बढुवा मिति, ग्रेड संख्या आदि स्पष्ट उल्लेख भएको।
   घ) अघिल्लो महिनाको भन्दा शिक्षक र कर्मचारीको विवरणमा थपघट भएको भए सो पुष्टि गर्ने कागजात
   ङ) विदा, कारबाही, बढुवा, अवकाश आदि भएको भए सोको प्रमाणित कागजात ।
   च) शिक्षक तथा कर्मचारीको तलब भत्ता उपलब्ध गराइदिन सिफारिस गरेको विद्यालयको माग पत्र ।

२. माग फारम प्रत्येक महिनाको २०-२३ गतेभित्र पेश गरि सक्नु पर्ने ।

३ विद्यालयलाई शिक्षक तथा कर्मचारीको तलब भत्ताका लागि निकासा भएको रकम भुक्तानी गर्दा विद्यालयले रुजु हाजिरी, विदा, कारबाही, बेरुजुको एकिन गरी भुक्तानी गर्ने । यदि बढी वा कम रकम निकासा भएको भए विवरण खुलाई नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा थपघट गर्नु पर्ने जानकारी पेश गर्ने ।

४. शिक्षक तथा कर्मचारीलाई तलब भत्ता बढी भुक्तानी गरेको, समयमा उपलब्ध नगराएको, कम भुक्तानी गरेको, तलब भत्ताबाहेक अन्य शीर्षकमा खर्च गरेको, कर दाखिला नगरेको, संचयकोष, नागरिक लगानी कोष, बीमा आदिमा नियमानुसार समयमा रकम जम्मा नभएको पाइएमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक जिम्मेवार र उत्तरदायी हुनेछन् ।

५. तलब भत्ता शीर्षकको रकम अन्य कुनै कार्यक्रम शीर्षकमा खर्च गर्न पाइने छैन ।

कर्ण बहादुर भुजेल
अधिकृत दशौं